# रोङ गाउँपालिका

# रोङ राजपत्र

खण्ड : २ संख्याः १२ प्रकाशित मितिः २०७५/०८/२१

## भाग-२

## अध्यक्ष मौरी लघुउद्यम कार्यक्रम सञ्चालन कार्यविधि, २०७५

रोङ गाउँपालिका
२०७३

*"स्वरोजगारका लागि मौरीपालन, स्वास्थ्यको लागि मह सेवन"*

# अध्यक्ष मौरी लघुउद्यम कार्यक्रम सञ्चालन कार्यविधि, २०७५

कार्यपालिकाबाट स्वीकृत मिति: २०७५/०८/१६

**प्रस्तावना:** रोङ गाउँपालिका क्षेत्रभित्र रहेका व्यवसायिक मौरीपालक कृषकहरुलाई अझ व्यवस्थित र बैज्ञानिक ढंगबाट मौरीपालन व्यवसाय तर्फ उन्मुख गराई स्वरोजगार सृजनाको लागि मौरी विकास केन्द्र स्थापनाको उद्देश्य पूरा गर्न ***'अध्यक्ष मौरी लघुउद्यम कार्यक्रम'*** सञ्चालनार्थ यो कार्यविधि तयार गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ:**

क) यस कार्यविधिको नाम ***'अध्यक्ष मौरी लघुउद्यम कार्यक्रम* सञ्चालन कार्यबिधि, २०७५'** रहेको छ ।

ख) यो कार्यबिधि रोङ गाउँपालिकाको कार्यपालिका बैठकबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषा:** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) **"कार्यविधि"** भन्नाले ***'अध्यक्ष मौरी लघुउद्यम कार्यक्रम* सञ्चालन कार्यबिधि, २०७५'** सम्झनु पर्दछ ।

ख) **"अनुदान"** भन्नाले गाउँपालिकाले मौरी विकास केन्द्र मार्फत कृषकहरुलाई उपलब्ध गराएको रकम वा सामग्रीहरुलाई बुझ्नु पर्दछ ।

ग) **"सम्बन्धित कार्यालय"** भन्नाले रोङ गाउँ कार्यपालिकाको कार्यालय र **"केन्द्र"** भन्नाले रोङ मौरी बिकास केन्द्र सम्झनु पर्दछ ।

**३. कार्यक्रमको उद्देश्य:** यस कार्यक्रमको उद्देश्य देहाय बमोजिम रहेको छ ।

क) अध्यक्ष मौरी लघुउद्यम कार्यकमलाई गाउँपालिका क्षेत्रभर विस्तार गर्ने ।

ख) मौरी विकास केन्द्र स्थापनाको उद्देश्य हासिल गर्ने ।

ग) सिमित आम्दानी रहेको निर्वाहमुखी मौरीपालन व्यवसायलाई व्यवसायिकता तर्फ उन्मुख गराउने ।

घ) स्थानीय स्तरमा शुद्ध मह उत्पादन वृद्धि गर्दै अन्यत्र पनि महको आपूर्तिलाइ बढाउँदै लैजाने ।

ङ) मौरी पालनको क्षेत्रमा रोङ गाउँपालिकाको छुट्टै पहिचान स्थापित गर्ने ।

च) रोङ गाउँपालिकामा मौरीजन्य उत्पादन तथा मौरीजन्य सामग्रीको केन्द्र स्थापना गर्ने ।

छ) वैकल्पिक आयआर्जनको बाटो सुनिश्चित गर्दै जनताको जीवनस्तर वृद्धि गर्ने ।

ज) रोजगारीको सृजना गर्ने ।

**४. छनौट समितिको गठन:** अध्यक्ष मौरी लघुउद्यम कार्यक्रममा सहभागी हुने कृषकहरुको छनौटका लागि देहाय बमोजिमको छनौट समिति रहनेछ ।

क) गाउँपालिकाको आर्थिक विकास बिषयगत समिति संयोजक - संयोजक

ख) कृषि सेवा केन्द्र प्रमुख - सदस्य

ग) मौरी बिकास केन्द्रका कार्यक्रम संयोजक - सदस्य-सचिव

छनौटका बिधिहरु समिति आफैंले तय गर्न सक्नेछ ।

**५. कार्यक्रम तथा केन्द्र व्यवस्थापन समितिको गठन:** अध्यक्ष मौरी लघुउद्यम कार्यक्रम संचालनार्थ मौरीपालक कृषकहरुको भेलाको निर्णयले अध्यक्ष, सचिव, कोषाध्यक्ष सहित बढीमा ९ (नौ) सदस्यीय कार्यक्रम तथा केन्द्र व्यवस्थापन समिति गठन गर्नेछ ।

यस दफा बमोजिम गठित समितिमा कम्तीमा ३३ प्रतिशत महिला अनिवार्य हुनुपर्नेछ । समितिको बैंक खाता अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट संचालन हुनेछ । बैंक खाता संचालकहरु मध्ये कम्तीमा १ जना महिला अनिवार्य हुनुपर्नेछ ।

यस दफा बमोजिम गठित समितिले गाउँपालिकाको निर्देशन अनुसार कार्यक्रम अवधिभर सम्पूर्ण क्रियाकलापको संचालन तथा व्यवस्थापन गर्नेछ ।

**६. अनुगमन तथा मुल्याङकन समितिको गठन:** यस कार्यविधि बमोजिम संचालन हुने सम्पूर्ण कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्नका लागि देहाय बमोजिम कार्यक्रम अनुगमन तथा मूल्याङ्कन समिति गठन हुनेछ ।

**क**) गाउँपालिका उपाध्यक्ष - संयोजक

**ख**) सम्बन्धित वडाका वडाध्यक्ष वा निजले तोकेको १ जना निर्वाचित प्रतिनिधि - सदस्य

ग) मौरी बिकास केन्द व्यवस्थापन समिति अध्यक्ष - सदस्य

**७. कार्यक्रम अन्तर्गत संचालन गरिने मुख्य मुख्य क्रियाकलापहरु:** अध्यक्ष मौरी लघुउद्यम कार्यक्रम संचालन गर्दा देहाय बमोजिम मुख्य मुख्य क्रियाकलापहरु गरिनेछ ।

**क**) अध्यक्ष मौरी लघुउद्यम कार्यक्रमका लागि आधुनिक घारमा मौरीपालन गरी आएका कृषकहरु मध्येबाट छनौट गर्ने ।

**ख**) कृषकहरुलाई आधुनिक मौरी घार, स्टेन्ड, घुम्टी, धुँवादानी, आधार चाका, महमदानी जस्ता आवश्यकतानुसारका सामग्रीहरु उपलब्ध गराउने साथै मौरीपालन सम्बन्धी तालीम प्रदान गर्ने ।

**ग**) उत्पादित महको बजार व्यवस्थापन गर्न स्थानीय स्तरमा विक्री केन्द्रहरु संचालनमा ल्याउने ।

**घ**) उत्पादित महको पहिचान स्थापित गर्न ब्राण्डिङ तथा लेभलिङ गर्ने ।

**ङ**) मौरीपालन सम्बन्धी वडा तथा गाउँपालिकास्तरबाट स्वीकृत भएका कार्यक्रमहरु संचालन गर्ने ।

**च**) कृषक छनौट भईसकेपछि कृषि सेवा केन्द्रवाट गाउँ कार्यपालिकामा अनुमोदनका लागि पेश गर्नुपर्नेछ ।

**८. कृषक छनौटका आधारहरु:** कार्यक्रममा सहभागी हुन चाहने कृषकहरुको छनौट गर्दा देहायमा उल्लेखित कुराहरुलाई आधार मानिनेछ ।

**क**) मौरीपालन व्यवसायमा तालीम प्राप्त एवं अनुभवी कृषकहरु ।

**ख**) मौरीपालनको लागि उपयुक्त क्षेत्र (जस्तैः वनजंगल, हावापानी, वोटबिरुवा, वनस्पति आदि कारणले उपयुक्त हुने र समुद्रसतहबाट ५०० देखी १००० मी. को उचाइसम्म) मा बसोबास गरेका कृषकहरु ।

**घ**) कम्तीमा पाँचवटा आधुनिक घारमा मौरीपालन गरिरहेका कृषकहरु

**ङ**) परम्परागत रुपमा मौरीपालन गरी आयआर्जन गरिरहेका कृषकहरु ।

**च**) प्राविधिक दृष्टिले उपयुक्त ठहरिएका अन्य आधारहरु ।

**९. कार्यक्रम संचालन प्रक्रियाः** अध्यक्ष मौरी लघुउद्यम कार्यक्रम देहाय बमोजिम संचालन गरिनेछ ।

**क**) छनौट भएका कृषकहरुको नामावली कृषि सेवा केन्द्रवाट अनुमोदनको लागि गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

**ख**) अनुमोदन भए पश्चात छनौट भएका कृषकहरुको नामावली सम्बन्धित वडा कार्यालयमा टाँस गर्नुपर्नेछ ।

**ग**) छनौट भएका कृषकले सहभागिता वापत तोकिएको रकम सम्बन्धित वडा कार्यालयमा दाखिला गर्नुपर्नेछ ।

**घ**) कृषकले जम्मा गरेको रकम र कार्यकमले उपलब्ध गराएको अनुदान रकमबाट एकमुष्ठ रुपमा सामग्रीहरु खरिद गरी कृषकहरुलाई वितरण गरिनेछ ।

**ङ**) कार्यकम कार्यान्वयन अवधिमा दफा ६ बमोजिम गठित अनुगमन तथा मुल्याङ्कन समितिले अनुगमन गर्नेछ ।

**च**) अनुगमनबाट उत्कृष्ठ ठहरिएका कृषकहरुलाई दोस्रो चरणको अनुदान कार्यकममा समावेश गरिनेछ ।

**छ**) दोस्रो चरणको अनुदान कार्यकममा ७५ प्रतिशत अनुदानमा सामग्रीहरु उपलब्ध गराईनेछ ।

**ज**) तेस्रो चौमासिक अवधिमा अन्तिम अनुगमन तथा मुल्याङ्कन गरिनेछ ।

**झ**) अनुगमन तथा मूल्याङकन समितिले तयार गरेको मापदण्डको आधारमा दोस्रो चरणको कार्यकमबाट उत्कृष्ठ ठहर भएका कृषकहरुलाई तेश्रो चरणको अनुदान कार्यक्रममा सहभागी गराइनेछ । तेश्रो चरणको अनुदान कार्यक्रम शतप्रतिशत अनुदानमा आधारित हुनेछ । उत्कृष्ठता मूल्याङ्कनको लागि निम्न कुराहरुलाई आधार मानिनेछ ।

**१**. कम्तीमा १० आधुनिक घार मौरी भएको हुनुपर्नेछ ।

**२**. कम्तीमा ५० किलोग्राम मह गाउँपालिकाले स्थापना गरेको बिक्री केन्द्रमा बिक्री गरेको हुनुपर्नेछ ।

**३**. एपियरी व्यवस्थापन प्राविधिक दृष्टिले उपयुक्त हुनुपर्नेछ ।

**४**. प्राविधिक दृष्टिले अन्य उपयुक्त कुराहरुलाई समेत आधार मान्न सकिनेछ ।

**ञ**) अनुदानबाट प्राप्त सामग्रीहरुको उचित सदुपयोग नभएको पाइएमा उक्त सामग्रीहरु गाउँपालिकाले फिर्ता लिनेछ ।

**१०. कार्यविधिमा संशोधन र हेरफेरः**- गाउँ कार्यपालिका बैठकको निर्णयबाट यस कार्यविधिमा आवश्यक थपघट, संशोधन तथा हेरफेर गर्न सकिनेछ ।

## (कार्यक्रममा सहभागी हुन चाहने कृषकले पेश गर्ने निवेदनको ढाँचा)

### अध्यक्ष मौरी लघु उद्यम कार्यक्रम

मिति :.................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू

रोङ गाउँपालिका ।

विषय : **कार्यक्रममा सहभागी हुने सम्बन्धमा ।**

प्रस्तुत विषयमा मिति २०७....../..../.... मा प्रकाशित सूचना अनुसार **अध्यक्ष मौरी लघुउद्यम कार्यक्रम** मा सहभागी हुनका लागि सूचनामा माग गरे अनुसार तपशिल बमोजिमका कागजातहरु संलग्न राखी यो निवेदन पेश गरेको छु ।

**संलग्न कागजातहरु :**

१. नेपाली नागरिकताको प्रतिलिपि ।

२. कार्यालयले उपलब्ध गराएको व्यक्तिगत फाराम ।

३. एपियरी राख्ने जग्गाको धनीपूर्जा प्रतिलिपि वा जग्गा लिजमा लिएको संझौता-पत्र ।

४. तालीमको प्रमाण-पत्र प्रतिलिपि वा पाँच वा सो भन्दा बढी आधुनिक घारमा मौरीपालन गरिरहेको छ भनि वडाको सिफारिश पत्र वा परम्परागत रुपमा कम्तीमा दश घार मौरीपालन गरी आयआर्जन गरिरहेको कृषकको हकमा वडाको सिफारिश ।

**निबेदकको**

हस्ताक्षरः

नामः

ठेगानाः

टोलः

फोन नं.:

## (व्यक्तिगत विवरणको ढाँचा)

### अध्यक्ष मौरी लघु उद्यम कार्यक्रम

नाम.............................................,हालको ठेगाना ................................,.टोल ......................,.

जिल्ला.............................,गाउँपालिका ...................,.साबिक ठेगाना ..........................................,

नागरिकता प्र.नं. ......................,प्रमाण-पत्र लिएको मिति.................................,ना.प्र.प. लिएको जिल्ला.....................,जन्ममिति..................................,महिला/पुरुष, बैंक खाता खोलेको भए बैंकको नाम...................................................,खाता नं ..............................................,कृषि सम्बन्धी कुनै तालिम लिएको भए बिषय .....................................,तालिम लिएको स्थान वा जिल्ला .............................,तालिम लिएको मिति................,तालिम दिने संस्था ................................, सम्पर्क नम्बर...................., एपियरी रहने जग्गा किता नं.........................., लिजमा भए सोको कि. नं............................. मौरी गोला संख्या ............................, आधुनिक.....................,परम्परागत ...............बार्षिक मह उत्पादन............के.जी ।

**सहभागी हुने उद्देश्यहरु :**

१. ................................................

२. ................................................

३. ................................................

सहभागीको हस्ताक्षर.......................

नाम..........................

मिति. ......................

# रोङ गाउँपालिका

अध्यक्ष मौरी लघु उद्यम कार्यक्रम

## सम्झौता-पत्र

रोङ गाउँपालिकाको आ.ब. २०७.../०७... को स्वीकृत वार्षिक कार्यक्रम अनुसार रोङ गाउँपालिका, रोङ मौरी बिकास केन्द्रद्धारा संचालन हुने **अध्यक्ष मौरी लघुउद्यम** कार्यक्रमको प्रथम पक्ष भनिने रोङ गा.पा., मौरी बिकास केन्द्र र दोस्रो पक्ष भनिने रोङ गा.पा. वडा.नं. ....टोल.......................बस्ने..........................................बीच तपशिल बमोजिमको शर्तहरुमा रही कार्यक्रम सञ्चालन गर्न गराउन यो सम्झौतामा सहिछाप गरि लियौ/दियौं ।

**तपशिल**

१. यस कार्यक्रमको प्रथम चरणको लागि छनोट भएका दोश्रो पक्षले निम्न वमोजिम विवरण अनुसारको रकम सम्झौता भएको मितिले ७ दिन भित्र गाउँपालिकामा जम्मा गर्नुपर्नेछ ।

| क्र.सं. | विवरण | गाउँपालिकाले व्यहोर्ने | | | कृषकले व्यहोर्नु पर्ने | | | कूल जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | दर | परिमाण | जम्मा | दर | परिमाण | जम्मा | |
| १. | घार स्टेण्ड | ५०० | १ | ५०० | ५०० | १ | ५०० | १००० |
| २. | मौरी घार | ४००० | १ | ४००० | ४००० | १ | ४००० | ८००० |
| ३ | घुम्टी -१ | ३५० | | ३५० | ३५० | | ३५० | ७०० |
| .४. | धुवादानी-१ | ५०० | | ५०० | ५०० | | ५०० | १००० |
| ५. | आधार चाका | १००० (प्रति आधा के.जी.) | १/२ के.जी | १००० | १००० (प्रति आधा के.जी.) | १/२ के.जी | १००० | २००० |

२. रकम जम्मा गरेको ७ दिनभित्र कृषकलाई बुंदा नं. १ बमोजिमका सामग्रीहरु कार्यालयले एकमुष्ठ उपलब्ध गराउनेछ ।

३. घुम्टी, धुवाँदानी कृषकसँग भएको भनि निवेदनमा खुलेको हकमा बुंदा नं. १ को क्र.सं. ३ र ४ बमोजिमको रकम दुबै पक्षले व्यहोर्नु पर्नेछैन ।

४. दोश्रो पक्षले सामाग्री बुझेको १५ दिनभित्रमा घारमा मौरी सारीसक्नु पर्नेछ । ६० दिनसम्म मौरी सारेको नपाइएमा आधार चाका १/२ kg, स्टेण्ड १ र मौरी घार १ कार्यालयले फिर्ता लिनेछ ।

५ दोश्रो पक्षलाई सामग्री बुझाएको ९० देखि १२० दिनभित्रमा अनुगमन समितिले अनुगमन गर्नेछ । अनुगमनमा आधारित कृषक प्रोत्साहन अन्तर्गत दोश्रो चरणको कार्यक्रममा कृषकलाई समावेश गर्न अनुगमन समितिले उत्कृष्ठ ठहर गरेका कृषकहरुलाई मात्र मुल्याङकनका आधारमा निम्न प्रोत्साहन कार्यक्रममा समावेश गरिने छ ।

**अनुगमनमा आधारित कृषक प्रोत्साहन कार्यकममा ब्यहोरिने रकम**

| क.सं. | विवरण | परिमाण | इकाई मूल्य | जम्मा मूल्य | कृषक सहभागिता (२५%) | कार्यकमको लगानी (७५%) |
|---|---|---|---|---|---|---|
| १ | मौरी घार | | | | | |
| २ | घार स्टेण्ड | | | | | |
| ३ | ढुवानी | | | | | |
| | | | **जम्मा** | | | |

६. अनुगमनमा आधारित दोश्रो चरणको कृषक प्रोत्साहन कार्यक्रममा छनौट भएका कृषकहरुको अनुदान कार्यक्रमको अन्तिम अनुगमन असार महिनामा गरिनेछ ।
७. गाउँपालिकाको प्राविधिक शाखाबाट मौरी कृषकहरुलाई निरन्तर रुपमा प्राविधिक सहयोग उपलब्ध गराइनेछ ।
८. कृषकहरुको घारबाट मौरी गृहत्याग गरेमा कृषक स्वयं जिम्मेवार रहनेछ ।
९. सम्पूर्ण कार्यक्रम स्वीकृत भइ सम्झौतामा हस्ताक्षर गर्ने कृषक स्वयंले कार्यक्रम सञ्चालन गर्नुपर्ने छ । ठेक्का वा भाडामा दिन पाउने छैन । कामदार भने राख्न पाइने छ । कृषक स्वयंले कार्यक्रम सञ्चालन गरेको नपाइएमा कार्यालयले उपलब्ध गराएको सामग्रीहरु कार्यालयले फिर्ता लिनेछ ।
१०. कार्यक्रमबाट प्राप्त सामग्री बेचबिखन गर्न वा भाडामा लगाउन पाइने छैन । सो भए गरेको पाइएमा नियमानुसार कारवाही हुनेछ ।
११. कार्यक्रम सञ्चालन गर्दा कुनै क्षति, प्रकोप, भैपरी आउने कुनै भवितव्यको पूर्ण जिम्मेवार दोश्रो पक्ष हुनेछ ।
१२. ढुवानीको हकमा रोङ गाउँपालिका मौरी विकास केन्द्रसम्म कार्यालयले ढुवानी खर्च व्यहोर्नेछ ।
१३. माथि उल्लेख भए बाहेकका विषयहरुमा प्रचलित नियमानुसार आपसी समझदारीमा हुनेछ ।

| **पहिलो पक्ष** | **रोहवर** | **दोस्रो पक्ष** |
|---|---|---|
| नाम : | नाम : | नाम : |
| दस्तखत : | दस्तखत | दस्तखत : |
| पद : प्रमुख प्रसासकीय अधिकृत | पद : अध्यक्ष | ठेगाना : |
| मिति : | मिति : | मिति : |

रोङ गाउँपालिका, इलाम ।

आज्ञाले,
डिक प्रसाद दाहाल
रोङ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत